नबिल ब्यालेन्सड् फण्ड-१ को स्वामित्वमा रहेको शेयरहरु बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

शिलबन्दी बोलपत्र पेशगर्ने शुरु मिति: २०७५/०२/०६
शिलबन्दी बोलपत्र पेशगर्ने अन्तिम मिति: २०७५/०२/१३

नबिल बैंक लिमिटेड कोष प्रवर्द्धक रहेको तथा यस कम्पनी योजना व्यवस्थापक रहि नबिल म्युचअल फण्ड अन्तर्गत संचालनमा रहेको नबिल ब्यालेन्सड् फण्ड-१ यही मिति २०७४/१२/२९ मा परिपक्व भएको तथा सामुहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था तथा नेपाल धितोपत्र बोर्डबाट मिति २०७४/१२/०९ मा प्राप्त निर्देशन बमोजिम योजना खारेजीमा लैजाने क्रममा सामुहिक लगानी कोष नियमावली, २०६७ को नियम ३२ को उपनियम (३) को व्यवस्था बमोजिम योजनाको नाममा रहेको लगानीलाई तीन महिना भित्र नगदमा परिणत गरी ईकाइधनीहरुलाई उनिहरुको स्वामित्वको अनुपातमा फिर्ता भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको जानकारी गराउदछौं । यसै सन्दर्भमा नेपाल स्टक एक्सचेन्जको कारोवार प्रणाली मार्फत अधिकांश शेयरहरु बिक्री गरिसकिएको र तपसिलमा उल्लेखित शेयरहरु/ऋणपत्रहरु हालै घोषित बोनस शेयर तथा सुचीकरण हुन बाँकी हकप्रद शेयरहरु रहेको, केहि शेयरको बजारमा स्वच्छ र पर्याप्त माग नदेखिएको, केहि शेयरको मूल्य निर्धारण प्रकृया पुरा भैनसकेको र केहि शेयरहरु मर्जरको प्रकृयामा रहि कारोवार रोक्का रहेको देखिएकोले यी शेयरहरु हाललाई बोलकबोल प्रकृयाबाट बिक्री गरी सुचीकरण तथा कारोवारयोग्य भए पश्चात् खरिदकर्ताको नाममा धितोपत्र बजारको नियमानुसार कारोवार तथा नामसारी गर्ने शर्तमा बिक्री गर्ने योजना व्यवस्थापकको निर्णयानुसार उक्त शेयरहरु खरिद गर्न इच्छुक व्यक्ति, फर्म, कम्पनी, संघ संस्थाहरुले **मिति २०७५ / ०२ / १३ गते आइतबार** अपराह्न ३:०० बजेभित्र नबिल इन्भेष्टमेण्ट बैंकिङ लिमिटेड, नक्साल, काठमाडौंमा आइपुग्ने गरी प्रति किता के कति दर भाउमा लिन कबुल गर्ने ही उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न सम्बन्धित सबैमा आव्हान गरिन्छ ।

तपसिल

शेयर

क्र.सं.	कम्पनीको नाम	कम्पनीको कोड	बिक्री गरिने अधिकतम कित्ता
१	आरम्भ माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड	AMFI	६१२
२	मेगा बैंक नेपाल लिमिटेड*	MEGA	२७,३९३
३	स्वदेशी लघुवित्त वित्तिय संस्था लिमिटेड	SDESI	९२४
४	सपोर्ट माइक्रोफाइनान्स वित्तिय संस्था लिमिटेड	SMB	५६३
५	ट्रेरिजम डेभलपमेन्ट बैंक लिमिटेड*	TDBL	१६,४१५
६	उन्नती माइक्रोफाइनान्स वित्तिय संस्था लिमिटेड	UMB	३८७
७	सेन्चुरी कमर्सियल बैंक लिमिटेड	CCBL	३९
८	डिप्रोक्स डेभलपमेन्ट बैंक लिमिटेड	DDBL	६४१
९	फष्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लिमिटेड	FMDBL	६,३५९
१०	हिमालयन बैंक लिमिटेड	HBL	५,९०६
११	मितेरी डेभलपमेन्ट बैंक लिमिटेड	MDB	५,५३८
१२	नेको इन्स्योरेन्स कम्पनी लिमिटेड	NIL	११,३०३
१३	नेपाल सेवा लघुवित्त वित्तीय संस्था लिमिटेड		३३८
१४	नेरुडे लघुवित्त विकास बैंक लिमिटेड	NLBBL	१,४८९
१५	निर्धन उत्थान बैंक लिमिटेड	NUBL	४,२५२
१६	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	NLG	४,६९४
१७	ओम डेभलपमेन्ट बैंक लिमिटेड	ODBL	३,१४०
१८	रुरल माईक्रोफाईनान्स डेभलपमेण्ट सेण्टर लिमिटेड	RMDC	५००
१९	समता माइक्रोफाइनान्स वित्तिय संस्था लिमिटेड	SMATA	३०४
२०	सामुदायिक लघुवित्त वित्तिय संस्था लिमिटेड		७०३
२१	सानो किसान विकास बैंक लिमिटेड	SKBBL	२,११८
२२	साइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड	SHINE	१,७८५
२३	सिद्धार्थ बैंक लिमिटेड	SBL	३,३१७
२४	सूर्योदय लघुवित्त वित्तिय संस्था लिमिटेड	SLBS	१,६१९

ऋणपत्र

क्र.सं.	नाम	कित्ता
१	१०% ग्लोबल बैंक लिमिटेड डिबेन्चर (Debentures), (परिपक्व हुने मिति २०७६/०३/३०)	२४,०००
२	८% लक्ष्मी बैंक डिबेन्चर, २०७६ (परिपक्व हुने मिति २०७६/१०/२१)	२०,०००
३	८% एसबीएल ऋणपत्र २०७६ (परिपक्व हुने मिति २०७७/०२/०५)	१०,०००
४	८% एभरेष्ट बैंक लिमिटेड ऋणपत्र २०७९ (परिपक्व हुने मिति २०७९/०२/२७)	१०,०००
५	८% विओके डिबेन्चर (Debentures), २०७६ (परिपक्व हुने मिति २०७७/०२/०४)	१०,०००
६	८.५% सिटिजन्स बैंक बण्ड २०७७ (परिपक्व हुने मिति २०७७ पौष मसान्त)	४०,०६५

*मर्जरबाट कायम स्वाप रेसीयो (Swap Ratio) अनुरुप गणना गरिने ।

शर्तहरु:

१. बोलपत्र आवेदन फाराम बिक्री प्रबन्धक श्री नबिल इन्भेष्टमेण्ट बैंकिङ लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौँबाट रु.१००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र आवेदन फारमसाथ संलग्न तालिकामा आफूले लिन चाहेको शेयर/ऋणपत्र किता संख्या, प्रति किताको दर स्पष्टसंग लेख्नु पर्नेछ । कमेसेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ । धेरै नै कमेसेट भई कबुल गरेको मूल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन । एक व्यक्ति वा संगठित संस्था/कम्पनीले एक भन्दा बढी आवेदन पेश गर्न सक्ने छैनन् । आवेदन फाराम साथ बोलपत्र वापतको रकम स्पष्टसंग आवेदन फारममा उल्लेख गर्नुपर्नेछ ।
३. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, टेलिफोन नम्बर, हितग्राही खाता नं., बैंक खाता नं. लगायत बोलपत्र आवेदन फारममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै, बैंकको बाहालवाला शेयरधनीले बोलपत्र पेश गर्दा आफ्नो शेयरधनी नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्दछ ।
४. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.१००/- र ऋणपत्रको प्रति ऋणपत्र रु.१,०००/- तोकिएको हुंदा सो वा सोभन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नु पर्नेछ ।
५. बोलपत्र पेश गर्दा तल उल्लेखित समूह अनुसार आवेदन गर्नुपर्नेछ । बोलपत्र पेश गर्दा **समूह "क" र समूह "ख"** को सम्पूर्ण शेयरको लागि उल्लेखित सबै किताको लागि आवेदन दिनुपर्नेछ । **समूह "क"** को शेयरको लागि छुट्टाछुटै बोलपत्र पेश गर्न सकिनेछ र बोलपत्र पेश गर्दा न्यूनतम १,००० किता वा सो भन्दा बढीको लागि १० अंकले भाग जाने संख्यामा वा सम्पूर्ण शेयरको लागि आवेदन दिनु पर्नेछ । **समूह "ख"** को ऋणपत्र लागि बोलपत्र पेश गर्दा न्युनतम १०,००० किता वा सो भन्दा बढीको लागि १०० अंकले भाग जाने संख्यामा वा सम्पूर्ण ऋणपत्रको लागि आवेदन दिनु पर्नेछ । उल्लेख गरिए भन्दा फरक गरी बोलपत्र पेश गरेमा सो बोलपत्र स्वत रद्द हुनेछ ।

समूह क

क्र.सं.	कम्पनीको नाम	कम्पनीको कोड	बिक्री गरिने अधिकतम किता
१	मेगा बैंक नेपाल लिमिटेड*	MEGA	२७,३९३
२	ट्रेरिजम डेभलपमेन्ट बैंक लिमिटेड*	TDBL	१६,४१५
३	हिमालयन बैंक लिमिटेड	HBL	५,९०६
४	मितेरी डेभलपमेन्ट बैंक लिमिटेड	MDB	५,५३८
५	ओम डेभलपमेन्ट बैंक लिमिटेड	ODBL	३,१४०
६	साइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड	SHINE	१,७८५
७	सिद्धार्थ बैंक लिमिटेड	SBL	३,३१७
८	नेको इन्स्योरेन्स कम्पनी लिमिटेड	NIL	११,३०३
९	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	NLG	४,६९४
१०	फष्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लिमिटेड	FMDBL	६,३५९
११	नेरुडे लघुवित्त विकास बैंक लिमिटेड	NLBBL	१,४८९
१२	निर्धन उत्थान बैंक लिमिटेड	NUBL	४,२५२
१३	सानो किसान विकास बैंक लिमिटेड	SKBBL	२,११८
१४	सूर्योदय लघुवित्त वित्तिय संस्था लिमिटेड	SLBS	१,६१९

समूह ख

क्र.सं.	नाम	कित्ता
१	१०% ग्लोबल बैंक लिमिटेड डिबेन्चर (Debentures), (परिपक्व हुने मिति २०७६/०३/३०)	२४,०००
२	८% लक्ष्मी बैंक डिबेन्चर, २०७६ (परिपक्व हुने मिति २०७५/१०/२१)	२०,०००
३	८% एसबीएल ऋणपत्र २०७६ (परिपक्व हुने मिति २०७७/०२/०५)	१०,०००
४	८% एभरेष्ट बैंक लिमिटेड ऋणपत्र २०७९ (परिपक्व हुने मिति २०७९/०२/२७)	१०,०००
५	८% विओके डिबेन्चर (Debentures), २०७६ (परिपक्व हुने मिति २०७७/०२/०४)	१०,०००
६	८.५% सिटिजन्स बैंक बण्ड २०७७ (परिपक्व हुने मिति २०७७ पौष मसान्त)	४०,०६५

समूह ग

क्र.सं.	कम्पनीको नाम	कम्पनीको कोड	बिक्री गरिने अधिकतम किता
१	सेन्चुरी कमर्सियल बैंक लिमिटेड	CCBL	३९

समूह घ

क्र.सं.	कम्पनीको नाम	कम्पनीको कोड	बिक्री गरिने अधिकतम किता
१	आरम्भ माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड	AMFI	६१२
२	स्वदेशी लघुवित्त वित्तिय संस्था लिमिटेड	SDESI	९२४
३	सपोर्ट माइक्रोफाइनान्स वित्तिय संस्था लिमिटेड	SMB	५६३
४	उन्नती माइक्रोफाइनान्स वित्तिय संस्था लिमिटेड	UMB	३८७
५	डिप्रोक्स डेभलपमेन्ट बैंक लिमिटेड	DDBL	६४१
६	नेपाल सेवा लघुवित्त वित्तीय संस्था लिमिटेड		३३८
७	रुरल माईक्रोफाईनान्स डेभलपमेण्ट सेण्टर लिमिटेड	RMDC	५००
८	समता माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड	SMATA	३०४
९	सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड		७०३

६. शिलबन्दी खाम बाहिर **"नबिल ब्यालेन्सड् फण्ड-१ योजनाको नाममा रहेको शेयर खरिदका लागि आवेदन"** उल्लेख भएको हुनु पर्नेछ । शिल्ड बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ । साथै शिलबन्दी खाम बाहिर आवेदकको नाम, ठेगाना र हितग्राही नम्बर उल्लेख गरिएको हुनुपर्नेछ ।
७. बोलपत्रवालाले आफूले खरीद गर्न कबोल गरेको शेयर वापतको सम्पूर्ण रकमका लागि नबिल इन्भेष्टमेण्ट बैंकिङ लिमिटेडको (Nabil Investment Banking Limited) नाममा खिचिएको नेपाल क्लियरिङ हाउस लि.को सदस्य भएको बैंक तथा वित्तिय संस्थाको **Good For Payment Cheque** वा **Managers' Cheque** आवेदनका साथ संलग्न गरी बोलपत्र पेश गर्नुपर्नेछ । उल्लेख गरिए बाहेक अन्य माध्यमबाट रकम जम्मा गरेमा सो लाई मान्यता दिइने छैन । साथै Good For Payment गराउदा लाग्ने शुल्क तथा रु.२ लाख भन्दा बढी रकमको Good For Payment को चेक जम्मा गर्नेको हकमा चेक क्लियरिङ शुल्क वापतको रकम समेत आवेदक स्वयले व्यहोर्नुपर्नेछ ।
८. आवेदनका साथ देहायका कागजात संलग्न गर्नुपर्नेछ ।
(क) आवेदक प्राकृतिक व्यक्ति भएमा आवेदनका साथ एक प्रति फोटो, आवेदक स्वयंले प्रमाणित गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा सदस्य दलालकहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण ।
(ख) आवेदक संगठित संस्था/कम्पनी भएमा कम्पनीको दर्ता प्रमाण पत्र, शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि तथा सदस्य दलालकहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण ।
९. बोलपत्र मिति २०७५/०२/१३ गते दिनको ३:०० बजेभित्र नबिल इन्भेष्टमेण्ट बैंकिङ लिमिटेड, नक्साल, काठमाडौँमा दर्ता भइ सक्नु पर्नेछ । उक्त दिन सार्वजनीक बिदा परेमा कार्यालय खुलेको दिनको ३:०० बजेभित्र दर्ता भइ सक्नु पर्नेछ । कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिइने छैन ।
१०. बोलपत्र मिति २०७५/०२/१४ गते दिनको ३:०० बजे बिक्री प्रबन्धकको कार्यालयमा बोलपत्रवाला वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिने छ । बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिनको दिनको ३:०० बजे खोलिनेछ ।
११. प्राप्त बोलपत्रहरुको छानविन गरी रितपूर्वक प्राप्त बोलपत्रहरु मध्ये प्रत्येक शेयर/ऋणपत्रमा प्राप्त सबैभन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बाडँफाँड गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यसपछिको बढी रकम कबोल गर्नेलाई क्रमशः बाँडफाँड गरिनेछ । बोलकबोलमा शेयर बिक्री नहँदै जादा एउटै मूल्यमा दुई वा दुई भन्दा बढी बोलपत्र आवेदनहरु पर्न गई बाँडफाँड हुन बाँकी शेयर भन्दा बढीको माग भएमा माग गरेको शेयरको आधारमा समानुपातिक रुपमा शेयर बाँडफाँड गरिनेछ । यसरी शेयर बाँडफाँड गर्दा योजना व्यवस्थापकको निर्णय अन्तिम हुनेछ ।
१२. बोलपत्र बाँडफाँड भएको जानकारी बिक्री प्रबन्धकले सार्वजनिक सूचना मार्फत जानकारी गराउने छ ।
१३. बोलपत्र आवेदनहरु मध्ये बाँडफाँडमा नपरेको आवेदकहरुको धरौटी वापत जम्मा भएको रकम बोलपत्र खोलि शेयर बाँडफाँड भए पश्चात् सार्वजनिक सूचना प्रकाशित गरि आवेदकले दरखास्त फारममा उल्लेख गरेको बैंक खाता रकम भएमा नेपाल क्लियरिङ हाउस लिमिटेडको ips प्रणालीद्वारा वैसै आवेदकको बैंक खातामा फिर्ता भुक्तानी गरिनेछ र सो रकम भएमा नबिल इन्भेष्टमेण्ट बैंकिङ लिमिटेड, नक्साल, काठमाडौँबाट A/C Payee चेक मार्फत भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै किसिमको ब्याज प्रदान गरिने छैन ।
१४. आवेदक प्रचलित कानून बमोजिम कम्पनीको शेयर खरिद गर्न योग्य हुनु पर्नेछ । संगठित संस्था/कम्पनीको हकमा प्रबन्धपत्र नियमावलीमा शेयर खरिद बिक्री गर्न सक्ने व्यवस्था रहेको हुनुपर्नेछ । साथै बोलकबोल शेयरको लागि गरेको लगानीको स्रोतको वैधानिकता आवेदक स्वयंले साबित गर्नुपर्नेछ र नियमन निकायबाट माग भई आएको खण्डमा उक्त लगानीको स्रोत उपलब्ध गराउन मञ्जुर हुनुपर्नेछ । रु.१० लाखसम्मको आवेदन दिनेले स्थैच्छिक रुपमा र रु.१० लाखभन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रुपमा आफ्नो प्यान नं. आवेदन फारममा उल्लेख गर्नुपर्नेछ ।
१५. यस बोलकबोल प्रकृयाबाट बाँडफाँड पश्चात् शेयर नामसारी सम्बन्धी सम्पूर्ण कारवाही प्रचलित कानून बमोजिम हुनेछ । शेयर खरिद कारोवार तथा नामसारी गर्दा तिर्नु बुझाउनुपर्ने ब्रोकरेज लगायत सम्पूर्ण दस्तुर र शुल्क आवेदक स्वयंले व्यहोर्नु पर्नेछ ।
१६. सुचीकरण भइसकेका बोनस तथा हकप्रद शेयरहरु, मर्जरको प्रकृयामा रहेका कम्पनीहरुको शेयरहरु सुचीकरण तथा कारोवार खुल्ला भएपश्चात् मात्र नियमानुसार कारोवार गरी प्रस्तावित खरिदकर्ताको नाममा नामसारी गरिनेछ ।
१७. यो सूचना प्रकाशित भए पश्चात् उल्लेखित कुनैपनि कम्पनीले लाभांश घोषणा गरेको अवस्थामा उक्त लाभांश प्रस्तावित खरिदकर्तालें नै पाउने छन् ।
१८. बाँडफाँडमा परेका आवेदकहरुलाई आवेदकै हितग्राही खातामा शेयर नामसारी गरिने हुदा आवेदनमा हितग्राही खाता अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । हितग्राही खाता नहुने आवेदकले नबिल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेड, नबिल बैंक लिमिटेडको कुनै पनि शाखा कार्यालयमा नागरिकताको प्रमाणपत्र तथा हालसालै खिचिएको फोटो सहित सम्पर्क गरि हितग्राही खाता खोल्ने सक्नुहुनेछ ।
१९. बोलपत्र आवेदन तथा शेयर/ऋणपत्र बाँडफाँड सम्बन्धी कुनै विवाद उत्पन्न भएमा सोको अन्तिम निर्णय योजना व्यवस्थापकमा निहित रहने छ ।

NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
नबिल इन्भेष्टमेण्ट बैंकिङ लिमिटेड

तेस्रो तल्ला, सेन्चुल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं
फोन: ४४११६०४, ४४१७३३, फ्याक्स: ४४१०५५४
Email: nabilinvest@nabilbank.com
Url: www.nabilinvest.com.np